## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, ०६८-WS-००७३, उत्प्रेषणयुक्त परमादेश, *सन्तोष यादवसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले संविधानप्रतिकूल भनी चुनौती गरेको "निजामती कर्मचारीका सन्ततीलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०६७" नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६७।३।१५ मा स्वीकृत भई जारी भएको देखिन्छ । उक्त निर्देशिका नेपाल सरकारले कार्यकारी अधिकारको प्रयोग गरी जारी गरेको भनी निर्देशिकाको प्रस्तावनाको अन्तिम हरफमा उल्लेख भएको देखिँदा उक्त निर्देशिका संविधान वा कुनै ऐन वा ऐनबमोजिम बनेका नियमावलीको कुनै खास अख्तियारीअन्तर्गत जारी भएको देखिन्न । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(ठ) मा नेपाल ऐनको परिभाषामा, "यो शब्दले २००७ साल फागुन ७ गते उप्रान्त जारी भएका कुनै ऐन र नेपाल अन्तरिम शासन विधान, २००७ वा नेपाल अधिराज्यको संविधान वा नेपालको संविधान वा नेपाल अधिराज्यको संविधान, २०४७ वा प्रतिनिधिसभाको घोषणा, २०६३ वा नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम बनेको जुनसुकै ऐनलाई सम्झनुपर्छ" भनी संविधानबमोजिम जारी भएको ऐनलाई नेपाल ऐन मानी परिभाषित गरेको छ । त्यस्तै सोही ऐनको दफा २(ड) मा नेपाल कानूनको परिभाषामा, "यो शब्दले नेपाल ऐन वा नेपालको कुनै भागमा कानूनसरह लागू हुने ऐन, सवाल, नियम, आदेश वा उपनियम सम्झनु पर्छ" भनी परिभाषा गरेको पाइन्छ । निवेदकले चुनौती गरेको मन्त्रिपरिषद्बाट स्वीकृत भई जारी भएको निजामती कर्मचारीका सन्ततीलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०६७ संविधान वा ऐन वा नियमावलीको अख्तियारीअन्तर्गत बनेको नदेखिनुका साथै नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(ड) को नेपाल कानूनको परिभाषाअनुसार कानून भन्न सकिने अवस्था नदेखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) मा, "यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा सो कानून वा यसको कुनै भाग बदर घोषित गरिपाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सोअनुसार कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने व्यवस्था भएको र संविधानको धारा १०७ उपधारा (१) अन्तर्गतको मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४ (१)(ग) बमोजिम यस अदालतको विशेष इजलासबाट हेरिने व्यवस्था भएको छ । तर प्रस्तुत रिट निवेदनमा निवेदकले चुनौती गरेको निजामती कर्मचारीका सन्ततीलाई छात्रवृत्ति उपलव्ध गराउने निर्देशिका, २०६७ संविधान वा ऐन वा नियमावलीको अख्तियारीअन्तर्गत बनेको नदेखिनुका साथै नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(ड) को नेपाल कानूनको परिभाषाअनुसार कानून भन्न सकिने अवस्था नदेखिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) अन्तर्गत यस इजलासले प्रस्तुत निवेदनमा सुनुवाई गर्न सक्ने अवस्था देखिएन । निवेदकले प्रस्तुत रिट निवेदनमा संविधानको धारा १०७(२) को हकमा समेत माग दावी लिएको देखिएकोले सो सम्बन्धमा सुनुवाईको लागि नियमबमोजिम सम्बन्धित इजलासमा पेश गर्नुपर्ने देखियो । तसर्थ, प्रस्तुत रिट निवेदनको विशेष इजलासतर्फको लगत कट्टा हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की, ०६९-WS-००५७,** परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाऊँ, *माधवकुमार बस्नेतसमेत* वि. *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मानव अधिकारको उल्लङ्घन र त्यसका कसूरदारलाई फौजदारी कानूनका स्थापित मूल्य र मान्यताअनुरूप फौजदारी दायित्व बहन गराउनु आवश्यक हुन्छ । व्यक्ति बेपत्ता पार्नेसम्बन्धी महासन्धीकै पक्ष राष्ट्र नभएका कारण वा त्यस्तो घोषणापत्रको पक्ष नभएकै कारण नेपालले व्यक्ति बेपत्ता पार्ने कार्यसम्बन्धी त्यस्तो प्रावधानलाई नजरअन्दाज गर्न नमिल्ने ।

पीडित पक्षलाई राज्यको न्याय प्रणालीप्रति विश्वास र आस्था कायम राख्ने वातावरण बनाउनु तथा दोषी देखिएका जिम्मेवार अधिकारीहरूलाई कानून उल्लङ्घन गर्ने कार्यबाट उत्पन्न दायित्वबाट उन्मुक्ति पाउन सकिँदैन भन्ने बोध गराउनु पनि राज्यको दायित्व हो । यो दायित्व राज्यको छुट्टै र विशेष दायित्व नभई राज्यले नागरिकको आधारभूत मौलिक अधिकार र मानव अधिकारको संरक्षण गर्नुपर्ने न्यूनतम् र आधारभूत दायित्त्व हो । यस्तो दायित्व पूरा गर्नका लागि राज्यले विशेष किसिमको कानूनको निर्माण गर्नुपर्ने ।

नेपालको संवैधानिक व्यवस्था, विदेशी अदालत तथा मानव अधिकारसम्बन्धी क्षेत्रीय अदालतहरूको फैसला, नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा संयुक्त राष्ट्र संघ एवं अन्तर्राष्ट्रिय समुदायले जारी गरेका प्रस्ताव र घोषणापत्रसमेतको आधारमा नागरिक तथा मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूका सम्बन्धमा छानबिन गर्ने घटनाबाट पीडित पक्षहरूलाई त्यस्तो छानबिन प्रक्रियाको प्रवाहमा समाहित गरी त्यसबाट प्राप्त हुन सक्ने लाभ तथा अवसरसमेतबाट बञ्चित गर्न नमिल्ने ।

बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यलाई द्वन्द्वको कुनै राजनीतिक पक्षको रूपमा किमार्थ चित्रण गर्न सकिँदैन, त्यस्तो कार्य मानव अधिकारसम्बन्धी गम्भीर अपराध र मानवता विरूद्धको अपराधको रूपमा समेत लिनुपर्ने ।

यातना दिने, बेपत्तापार्ने कार्यहरू विशुद्ध फौजदारी अपराधहरू हुन् र ती अपराधहरूको छुट्टाछुट्टै अनुसन्धान गरी न्यायको अन्तिम बिन्दुसम्म नपुऱ्याएसम्म निरन्तररूपमा अपराध मानिने कार्यहरू हुन् । द्वन्द्वको सैद्धान्तिक कारणसँग सहमत भई कुनै पक्षबाट द्वन्द्वसँग सम्बन्धित घटनामा सम्बन्धित हुनु वा संलग्न हुनु एउटा कुरा हो तर द्वन्द्वमार्फत् परिवर्तन ल्याउने वा द्वन्द्व दबाउने वा समाधान गर्ने कुनै नाममा पनि अपराधिक र अवाञ्छित क्रियाकलापमा छूट दिन सकिने ठाउँ नहुने ।

असत्यको साधनाबाट सत्यको र अपराधको मार्गबाट न्यायको उद्बोधन हुन सक्दैन । अपराधिक प्रक्रियाबाट न्यायको प्राप्ति वा व्यवस्थापन हाम्रो संविधान र प्रजातन्त्रले तय गरेका बाटाहरू होइनन् भन्ने कुराहरू विचारणीय छन् अन्यथा युद्ध कालमा युद्ध अपराधका कुरा गर्नु असान्दर्भिक हुन जाने ।

संक्रमणकालीन न्यायको अन्य अवयवहरू जस्तै परिपूरण, पुनर्स्थापना आदिको माध्यमबाट पीडितको संरक्षण गर्नुपर्ने हुन्छ । यस्तो व्यवस्था केही नगरी बेपत्ता गर्ने कार्यको परिणाम नै विलय गर्ने वा यसको प्रभावकारिता न्यून गर्ने कुनै पनि संरचना वा चेष्टाले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानून, नेपालको अन्तरिम संविधान र सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतको पालना गरेको मान्न नसकिने हुनाले विवादित अध्यादेश संरचनागत हिसाबले दोषपूर्ण देखिने ।

मानव अधिकार र मानवीय कानून विरूद्धका जघन्य अपराधमा न्यायको प्रक्रियामा ल्याउनु सामान्य र वैकल्पिक उपाय अपनाउन अपवाद हुनुपर्नेमा गम्भीर प्रकृतिका अपराध र मानवअधिकारको गम्भीर उल्लङ्घनका कसूरदारलाई जवर्जस्ती राजनीतिक द्वन्द्वसँग जोडेर क्षमादान गर्दा दण्डहीनताले प्रश्रय पाउनु मात्र होइन विधिको शासन (Rule of Law) कायम नहुने हुन्छ । गम्भीर अपराधका पीडितहरूले स्वतन्त्र र सक्षम निकायबाट प्रभावकारी न्याय पाउने अधिकारलाई कुण्ठित गरी सबै प्रकृतिका अपराधमा क्षमादान हुने गरी आयोगलाई अनियन्त्रित अधिकार प्रदान गर्न नमिल्ने ।

द्वन्द्वको कालखण्डभित्र जुनसुकै गैरराजनीतिक प्रकृतिको अपराध भएकोमा पनि द्वन्द्वका नाममा त्यसलाई उन्मुक्ति दिनसक्ने देखिँदैन । तत्काल घटित अपराधहरूका

सम्बन्धमा तत्कालको परिस्थितिले अनुसन्धान हुन नसकेको भए पनि फौजदारी कानूनले उन्मुक्ति दिएको वा समर्पण गरेको मान्न नसकिने ।

गम्भीर प्रकृतिका अपराध तथा मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा पीडितको जीवनको हक, समानताको हक, यातना विरूद्धको हकलगायतका मौलिक एवं मानवअधिकारसम्बन्धी हक विरुद्ध हुने गरी कुनै पनि प्रकारको माफी तथा क्षमादान हुन नसक्ने ।

मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवता विरुद्धको कसूर जस्ता गम्भीर अपराधमा विश्वव्यापी क्षेत्राधिकार (Universal Jurisdiction) लागू हुने र त्यस्तो कसूरमा संलग्न व्यक्तिलाई पश्चात्‌दर्शी कानून बनाएर भए पनि कारवाहीको दायरामा ल्याउन सकिने भन्ने सम्बन्धमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनमा सिद्धान्त विकसित भई सकेको छ । मानव अधिकारको गम्भीर उल्लङ्घन र मानवता विरूद्धका अपराधहरू गम्भीर अपराध हुने हुँदा त्यस्ता अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याउन विद्यमान प्रचलित कानून अपर्याप्त भएको अवस्थामा नयाँ कानूनसमेत निर्माण गरी दण्डहीनताको अन्त्य गर्नुपर्ने ।

अध्यादेशको दफा २५(१) ले कारवाही गर्न सिफारीश गर्न सक्नेछ भन्ने र दफा २५(३) को मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउन सक्नेछ भन्ने व्यवस्थाले क्षमादानमा नपरेकालाई कारवाहीको सिफारीश अनिवार्य नगरी आयोगको स्वेच्छिक स्वविवेकमा छाडेको हुँदा उक्त व्यवस्था संविधानसम्मत् मान्न मिलेन । यसलाई संविधान, कानून र न्यायअनुकूल बनाउन परिमार्जन र परिष्कार गर्नुपर्ने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ बमोजिम संविधानले प्रदान गरेको अभियोजनसम्बन्धी अधिकार विशिष्ट र स्वायत्त प्रकृतिको अधिकार हो । महान्यायाधिवक्तालाई यो अधिकार संविधानद्वारा सिधै प्रदान गरिनुको पछाडि महान्यायाधिवक्ताको संस्था एउटा व्यवसायिक र न्यायिक संस्थाको रूपमा रहेको र त्यस्तो संस्थाले कुनै खास राजनैतिक उद्देश्यले कसैउपर दुर्भावनापूर्वक अभियोजन लगाउन वा कसैउपर मोलाहिजावश वा राजनीतिक स्वार्थको कारणले लगाउन पर्ने अभियोजन नलगाउने अवस्था आउन नदिन र फौजदारी कसूर जस्तो विषय समेटिएको गम्भीर फौजदारी अभियोग विशिष्ट कानूनी एवं न्यायिक आवश्यकताअनुरूप सही र निष्पक्षरूपमा हुन सकोस् भनेर नै यस्तो संस्था खडा गरी अभियोजनसम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पिएको हुँदा महान्यायाधिवक्ताको अभियोजन सम्बन्धी अधिकारलाई संकुचन गर्न नमिल्ने ।

अध्यादेशको दफा २९ मा भएको व्यवस्थाबाट महान्याधिवक्ताले मुद्दा चलाउन निर्णय गर्नसक्ने अधिकारको संकुचन भएकाले र अध्यादेशको दफा २९(४) मा भएको मुद्दा चलाउने निर्णय भएको मितिले ३५ दिनभित्र मुद्दा चलाउन सकिने छ भन्ने व्यवस्था गम्भीर प्रकृतिका फौजदारी मुद्दामा हदम्याद नलाग्ने सर्वमान्य सिद्धान्तको विपरीत भएको देखिने ।

बलपूर्वक व्यक्ति बेपत्ता पारिएको घटनालाई मानव अधिकारसम्बन्धी गम्भीर अपराधको रुपमा लिइने अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको दृष्टिकोण यही अदालतले राजेन्द्र ढकालको मुद्दामा गरेको निर्णय र निर्देशन अनि नेपालको अन्तरिम संविधान,२०६३ एवं पूर्ववर्ती संविधानले अङ्गीकार गरेका व्यक्तिको जीवन र स्वतन्त्रताको अधिकारसमेतको प्रतिकूल हुन गई छुट्टै आयोग गठन गरी राजेन्द्र ढकालको मुद्दाको निर्णय कार्यान्वयन गर्नुपर्नेमा सो नगरेको र त्यति मात्रै होइन, व्यक्ति बेपत्ता छानबिन आयोगलाई विशुद्ध फौजदारी कार्यको रूपमा लिनुपर्नेमा सोअनुसार नगरेको र मेलमिलापको विषय बनाउन नहुनेमा समेत सो बनाई सत्य निरूपण एवं मेलमिलापको अङ्ग बनाइएको देखिएकोले सो कानूनसङ्गत नभएकोले व्यक्ति बेपत्तासम्बन्धी विषय प्रस्तुत अध्यादेशमा समावेश भएका जति व्यवस्थाहरू संविधान, कानून र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तप्रतिकूल देखिएकोले विपक्षीको नाउँमा उत्प्रेषणको आदेश जारी हुने भई उक्त व्यवस्था अमान्य भई अध्यादेशबाट हटाउनु पर्ने ठहर्छ र यथावस्थामा अध्यादेश कार्यान्वयन गर्न गराउन नमिल्ने ।

बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानबिन गर्न र संविधान, कानून एवं यस अदालतबाट राजेन्द्र ढकालको मुद्दामा भएको निर्णय एवं प्रतिपादित कानूनी सिद्धान्तबमोजिमसमेत छुट्टै छानबिन आयोग गठन गर्न आवश्यक कानूनी व्यवस्थासहित अविलम्ब अर्को अध्यादेश जारी गर्ने वा जो चाहिने प्रबन्ध गर्नु भनी नेपाल सरकारका नाममा परमादेश जारी हुने ।

अध्यादेशका अन्य व्यवस्थाहरूमध्ये निम्न दफाहरूमा उल्लेख भए झैं संवैधानिक एवं न्यायिक प्रश्नहरू समावेश भएको देखिएको र यथावस्थामा अध्यादेशको व्यवस्थाहरू संविधान र न्यायको सिद्धान्तसङ्गत नदेखिएकोले निम्नबमोजिम गर्नुपर्ने देखिएको हुँदा सोबमोजिम गरी गराई संशोधन र सुधारको व्यवस्था मिलाई मात्र अध्यादेश जारी गर्न वा जो चाहिने कानूनी व्यवस्था गरी लागू गर्न विपक्षी नेपाल सरकारको नाममा परमादेश जारी गरिदिएको छ ।

(क) अध्यादेशको दफा २३ को क्षमादान माफीसम्बन्धी व्यवस्थाले अध्यादेशको दफा २(ञ) मा समावेश भएका कसूरहरूमा समेत समग्रमा क्षमादानको सिफारिश नगर्ने प्रत्याभूति दिएको नदेखिएको र माफीको प्रक्रियाको विषय बनाएको एवं माफी प्रक्रियामा पीडितको सहभागिता र सहमतिलाई अनिवार्य नबनाई गौण बनाएको देखिएकोले पीडितको न्यायसम्बन्धी मौलिक हक अन्तर्गत, जीवन, स्वतन्त्रता, सूचनाको हक, यातना विरुद्धको हकलगायत एवं न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले सो व्यवस्थालाई पुनरालोकन गरी उपरोक्तबमोजिम परिमार्जन र संशोधन गर्नुपर्ने ।

(ख) दफा २५ र २९ को व्यवस्थाबाट मानवअधिकारको गम्भीर उल्लङ्घनको आरोपका दोषी देखिएका व्यक्तिउपरको फौजदारी अभियोजन निश्चित्, सहज र निर्बाध नबनाई कार्यपालिकाको विवेकाधीन एवं अनिश्चित्रूपमा राखिएको भई न्यायमा अवरोध पुग्ने प्रकृतिको देखिएकाले सो व्यवस्थालाई संविधान र कानूनसङ्गत बनाउनुपर्ने ।

(ग) आयोगले सिफारिश गरेको वा मन्त्रालयको पत्रानुसार महान्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने ठहर गरेपछि मुद्दा चलाउँदा मुद्दा चलाउने हदम्याद तोकिएको र हदम्याद ३५ दिन तोकिएको कारणबाट हदम्यादभित्र मुद्दा नचलाएमा न्यायमा पर्ने प्रभाव एवं सोसम्बन्धी उत्तरदायित्वसमेत किटान गरेको नदेखिएको साथै त्यस्तो गम्भीर कसूरमा अल्प हदम्याद तोक्दा मानवअधिकार कानूनको उल्लङ्घनको घटनामा दण्डहीनताको अवस्था सिर्जना हुन सक्ने हुनाले समेत उक्त व्यवस्था संविधानको मौलिक हक एवं न्यायसम्बन्धी व्यवस्था र संविधानले अङ्गीकार गरेको न्यायको मान्य सिद्धान्तका विपरीत देखिएकोले उपरोक्तबमोजिम संविधान र न्यायसङ्गत् हुने गरी संशोधित परिमार्जन गर्नुपर्ने ।

(घ) माथि उल्लिखित व्यवस्थाको अतिरिक्त सत्य निरूपण एवं मेलमिलापको बृहत व्यवस्थापनको लागि गम्भीर मानवअधिकार विरोधी फौजदारी कार्यको अपराधीकरणको लागि कानूनी व्यवस्था गर्न, मेलमिलापको भावना प्रवर्द्धन गर्न व्यापक अभियान सञ्चालन गर्न, पीडित एवं पीडितको परिवारको लागि यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्थासहित परिपूरणको व्यवस्था गर्न, सत्य निरूपण एवं मेलमिलाप आयोगको स्वायत्तता एवं निष्पक्षताको सुनिश्चितताको लागि द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रूपमा द्वन्द्वका पक्षरत् वा सम्बन्धित भएका व्यक्तिहरू बाहेकका तथा मानव अधिकार उल्लङ्घनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित हुने गरी अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डसमेतको आधारमा त्यस्तो आयोगको गठन गर्ने, पीडितहरूले आफ्नो सत्य भन्न सक्ने र प्रभावकारीढङ्गले प्रतिरक्षा गर्न सक्ने प्रयोजनको लागि पीडित एवं साक्षी संरक्षणसम्बन्धी कार्यक्रम बनाई लागू गर्न र उनीहरूको व्यक्तिगत परिचयात्मक

विवरणको संरक्षण गर्ने, आवश्यकताअनुसार बन्द इजलासबाट सुनुवाई हुने वा श्रव्यदृश्यको माध्यमबाट दूर सुनुवाईलगायतको उपयुक्त व्यवस्थापन गर्ने गरी कानूनको परिमार्जन गर्ने र कार्यान्वयन चरणमा व्यवहारिक उपायहरू अपनाउने ।

(ङ) आयोगले माफीलगायतको विषयमा अपनाउनुपर्ने मापदण्डको लागि कानूनमा नै आधारभूत कुराको किटान गर्नेलगायतका व्यवस्था गर्न द्वन्द्व विशेषज्ञ, पीडित वा पीडितको हित प्रतिनिधित्व गर्ने संस्था, मानवअधिकार कानून विशेषज्ञ एवं सरोकारवाला पक्षहरू सम्मिलित भएको विषय विशेषज्ञ टोलीको सहयोग लिई उक्त अध्यादेश परिमार्जन गर्नू ।

इजलास अधिकृत : उपसचिवद्वय शिवप्रसाद खनाल, विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** रिट निवेदन नं. ०६९-CI-०६६६, निषेधाज्ञा, *राजकिशोर सिंह वि. शम्भुप्रसाद यादव*

विवादित जग्गा निवेदन लेखबाटै विपक्षीको भोगचलनमा रहेको भन्ने कुरामा विवाद भएन । उक्त जग्गा निवेदकले दावी गरेबमोजिम सार्वजनिक प्रकृतिको हो वा निजी हो भन्नेतर्फ विचार गर्दा उक्त जग्गा सार्वजनिक प्रकृतिको देखिने त्यस्तो कुनै पनि तथ्यपरक र वस्तुपरक प्रमाणहरू निवेदकबाट प्रस्तुत हुन सकेको छैन । दावी लिँदा विपक्षीले यति क्षेत्रफल भोग गरेको भन्नेसमेत केही उल्लेख छैन । त्यसकारण इनार रहे भएको स्थापित भएको अवस्थामा उक्त इनारले चर्चेको जग्गामा सर्वसाधारणले उपभोग गर्न पाउने नै हुँदा र हालको अवस्थामा के कुन नम्बरको कति क्षेत्रफल भएको कित्ता जग्गामा इनार थियो भन्ने कुरा निवेदकले खुलाउन नसकेबाट निवेदन लेखका आधारमा मात्र मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०१४९, निषेधाज्ञा, *सत्यनारायण पण्डित वि. महेन्द्र पण्डित*

पुनरावेदक र निवेदकबीच साविक कि.नं. ८९० को जग्गाको विषयमा विवाद रहेको भन्ने तथ्य दुबै पक्षले स्वीकार गरेका छन् । यी दुई पक्षबीच सप्तरी जिल्ला अदालतमा दे.नं. २४०३ को खिचोला मुद्दासमेत चलेको भन्ने तथ्य पनि स्थापित छ । सोही विवादित जग्गामा रहेको सोह्र थान बाँस निवेदकले काटी रू. ३२००।- बराबरको सम्पत्ति लुटपीट गरेकोले क्षतिपूर्ति दिलाईपाऊँ भनी यी पुनरावेदकले इलाका प्रहरी कार्यालय, छिन्नमस्तामा निवेदन दिएकोमा यी पुनरावेदक र निवेदकबीच उक्त विषयमा कुरा नमिलेपछि मजकुर कार्यालयमा कारवाहीको लागि पठाउने भन्ने आदेश भएको देखियो । सोपश्चात् निवेदकलाई विपक्षी जिल्ला प्रहरी कार्यालय, सप्तरीमा उपस्थित हुन मिति २०६७।२।७ मा पत्राचारसमेत गरिएको देखिन्छ । यी पुनरावेदकको हक पुग्ने जग्गाको बाँस निवेदकले लुटपीट गरी लगेको भए साधिकार निकाय सम्बन्धित अदालतसमक्ष आफ्नो दावी प्रस्तुत गरी हक प्रचलन वा क्षतिपूर्ति माग गर्न सकिने अवस्थामा यी पुनरावेदकले सो मार्ग अवलम्बन नगरी अधिकारक्षेत्रबिहीन प्रहरी कार्यालयसमक्ष उजूरी गरेको र प्रहरी कार्यालयले पनि उक्त उजुरीउपर कारवाही अगाडि बढाई यी निवेदकलाई प्रहरी कार्यालयसमक्ष उपस्थित हुन पत्राचारसमेतका कार्य गरेको देखिन्छ । विवादित जग्गाको बाँस लुटी लगेको भन्ने विवादमा प्रहरी कार्यालयले उजूरी ग्रहण गरी पक्षलाई तारिखमा राख्ने गरेको त्यस्तो कार्यलाई उचित मान्न नमिल्ने हुँदा पुनरावेदक र निवेदकबीच जग्गासम्बन्धी विवादलाई लिएर निवेदकलाई पक्राउ तथा

धरपकड नगर्नु, तथा जग्गाको भोगचलनको कुरामा कुनै पनि किसिमको अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत: दीपक ढकाल

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको फौ.पु.नं. ०६८-CR-०९३१, सम्पत्ति शुद्धीकरण, *सुनील जयसवालसमेत वि. नेपाल सरकार*

प्रस्तुत विवादमा प्रतिवादीहरूबाट बरामद भएको रकम जम्मा रू. २८,४०,०००।- प्रतिवादीहरू सुनील जयसवाल र श्रवण साहको हो वा होइन भन्ने प्रश्न खडा भएको देखिन्छ । प्रतिवादीहरूले अनुसन्धानको क्रममा र विशेष अदालतमा बयान गर्दा एवं यस अदालतमा पुनरावेदन गर्दासमेत बरामदी रकम भारत जयनगरका राजेशकुमार जयसवालको हो । आफूहरू निजको पसलमा कामदारको रूपमा काम गरेको र मालिक राजेशकुमार जयसवालको आदेशअनुसार नेपाली रुपैयाँलाई भारतीय रूपैयाँमा सटही गर्न नेपाल आउँदा पक्राउमा परेको भन्ने उल्लेख गरेको पाइन्छ। राजेशकुमार जयसवाललाई अनुसन्धानको क्रममा एवं शुरू विशेष अदालतबाट समेत बुझेको देखिन्न । प्रतिवादीहरूले पुनरावेदन पत्रसाथ राजेशकुमार जयसवालले बरामद भएको रू. २८,४०,०००।- सुनील जयसवाल र श्रवण साहलाई भारतीय रूपैयाँमा सटही गर्न जनकपुरमा पठाएको भन्नेसमेतका व्यहोरा उल्लेख गरी नोटरीसमक्ष गरेको शपथपत्र एवं जयनगर चेम्बर अफ कमर्शको मिति २०११।१२।२९ को पत्रसमेतका प्रमाणहरू पेश गरेको देखिँदा बरामद रकमका सम्बन्धमा यस अदालतको आदेशानुसार निज राजेश जयसवाललाई बुझिएको देखिन्छ । निज राजेशकुमार जयसवालले यस अदालतमा उपस्थित भई मिसिल संलग्न शपथपत्र र जयनगर चेम्बर अफ कमर्शको मिति २०११।१२।२९ को पत्रमा भएको व्यहोरा सत्य साँचो भएको उल्लेख गर्दै प्रतिवादी श्रवण साहबाट बरामद भएको रू. ९,२०,०००।- र सुनील जयसवालबाट बरामद भएको रू. १९,२०,०००।- गरी जम्मा रू. २८,४०,०००।- मेरो आफ्नो हो । उक्त रूपैयाँ हाम्रो व्यापार व्यवसायबाट आएको हो । उक्त रूपैयाँ भारतीय सीमानामा नेपाली गएर सामान खरीद गरी दिएको रूपैयाँ जम्मा गरी प्रतिवादीहरूलाई भारतीय रूपैयाँमा साट्न पठाउँदा प्रतिवादीहरू पक्राउ परेका हुन् भन्नेसमेतका व्यहोरा उल्लेख गरी बकपत्र गरेको देखिन्छ । यसरी प्रतिवादीहरूको बयान एवं राजेश जयसवालले यस अदालतमा गरेको बकपत्र व्यहोराबाट बरामदी रकम जम्मा रू. २८,४०,०००।- प्रतिवादीहरू सुनील जयसवाल र श्रवण साहको नभएको पुष्टि हुने ।

राजेशकुमार जयसवाल भारतीय नागरिक भएका र भारतमा नै गरेको व्यापार व्यवसायबाट प्राप्त नेपाली रूपैयाँ भारतीय रूपैयाँमा सटही गर्नसम्म नेपालमा ल्याउँदा पक्राउ गरेको देखिन्छ । रकमका धनी भनिएका व्यक्ति राजेशकुमार जयसवाल यस अदालतको आदेशअनुसार यस अदालतमा उपस्थित भई बरामद रकम आफ्नो भनी बकपत्र गरेको अवस्थामा यी प्रतिवादीहरू सुनील जयसवाल र श्रवण साहकै रकम भएको भनी कसूरदार ठहर गर्नु न्यायपूर्ण नदेखिने ।

बरामदी रूपैयाँ प्रतिवादीहरूको नभई निजहरू काम गर्ने पसल मालिक राजेशकुमार जयसवालले अह्राएअनुसार व्यापारबाट प्राप्त नेपाली रूपैयाँ भारतीय रूपैयाँमा सटही गर्न ल्याउँदा बैंकसम्म नपुग्दाकै अवस्थामा बरामद गरिएको देखिन्छ । प्रतिवादीहरूले नेपाली रूपैयाँ बोकी हिँड्नु मात्र आफैँमा कसूरजन्य कार्य हुन नसक्ने ।

प्रतिवादीहरूले आफ्नो मालिक राजेशकुमार जयसवालको आज्ञाअनुसार रूपैयाँ सटहीको प्रयोजनका लागि धारण गरेकोसम्म देखिँदा निज प्रतिवादीहरूले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ४(ङ) मा उल्लेख भएअनुसार विदेशी विनिमय नियमित गर्नेसम्बन्धी प्रचलित कानूनको उल्लङ्घन गरेको मान्न सम्झन नमिल्ने हुँदा प्रतिवादीहरूलाई आरोपित कसूरमा कसूरदार ठहर गरेको विशेष अदालतको मिति २०६८।८।२९ को फैसला मिलेको नदेखिँदा उल्टि भई प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाई बरामदी रकम रू. २८,४०,०००।- जफत हुने ठहर गरेको विशेष अदालतको

मिति २०६८।८।२९ को फैसला उल्टि हुने ठहर्छ । अब, बरामदी रकम आफ्नो भनी स्वीकार गर्ने व्यक्ति राजेशकुमार जयसवालले बरामद भएको रकम सम्बन्धमा यस अदालतमा गरेको बकपत्रअनुसार थप प्रमाण बुझ्नुपर्ने भए बुझी कानूनबमोजिम ठहर निर्णय गर्नु भनी प्रस्तुत मुद्दाको शुरू मिसिल शुरू विशेष अदालत, काठमाडौंमा पठाई दिने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्प्युटर सेटिङ : विकेश गुरागाई

इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CR-०२८२, बिना इजाजत राष्ट्रिय वनको खयर रूख काटी ओसारपसार, *नेपाल सरकार वि. इन्द्रध्वज कार्की*

प्रतिवादी इन्द्रध्वज कार्कीले स्वीकृत पाएको २७ थान रूखको ११८१.१५ क्यू फीट हुन्छ भनी वन कार्यालयले आफैँले स्वीकार गरेको अवस्थामा त्यो भन्दा न्यून परिमाणमा काठ बरामद हुनुबाट पुनरावेदनमा जिकीर लिएबमोजिम राष्ट्रिय वनबाट रूख काटेको भनी अनुमान गर्न मिल्ने देखिएन । प्रतिवादीले पटकपटक रूख कटान गरी बिक्री वा अन्य काममा प्रयोग गरिसकेपछि पछाडिबाट बाँकी खयर रूखमा सरकारी वनको रूख काटी मिसाएको भन्ने दावीसमेत नभएकोमा प्रतिवादीले कटान स्वीकृत पाएको २७ थान रूखको परिमाण ११८१.१५ क्यू फीट हुन्छ भनी स्वीकार गरेको अवस्थामा उक्त परिणामभन्दा कम ६३८.९० क्यू फीटमात्र काठ बरामद हुनुबाट यी प्रतिवादीले दावीबमोजिम सरकारी वनको रूख काटेको भन्न मिल्ने अवस्था भएन । प्रतिवादीले स्वीकृत पाएको काठको जात र बरामदी काठको जातमा भिन्नता नभएको, स्वीकृत पाएको भन्दा अति न्यून काठमात्र बरामद भएबाट यी प्रतिवादीले दावीबमोजिमको कसूर गरेको भनी ठहऱ्याउन उपरोक्त विवेचित आधार प्रमाणबाट मिल्ने नदेखिँदा शुरू तनहुँ जिल्ला अदालतको मिति २०६६।१।१५ को फैसला उल्टि गरी प्रतिवादी इन्द्रध्वज कार्कीले अभियोग दावीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६६।१२।३० को फैसला मिलेको देखिँदा सदरहुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

५

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-१०४२, उत्प्रेषणयुक्त परमादेश, *दीपक पाल वि. पुनरावेदन अदालत, इलामसमेत*

देवाशिष तिवारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी निवेदक दीपक पाल भएको WB74G 4240 नं. को सवारी चोरी मुद्दामा चोरीको महलको १ नं. र ४ नं. को कसूरमा सोही महलको १४(२) नं. अनुसार सजायको माग दावी भएकोमा सोही महलको १४(२) नं. बमोजिम ०।१।१५ कैद र रू. ४८०००।- जरीवानाको डेढी बढाई जरीवाना रू. ७२,०००।- बापत कैद वर्ष ८।०।०समेत कैद वर्ष ८।१।१५ ठेकिएको र निवेदक २०६५।१०।७ देखि थुनामा रहेको हुँदा सोही मितिबाट कैद कट्टा हुने गरी २०७३।११।२१ सम्म कैदमा राख्ने गरी मिति २०६६।५।१५ मा झापा जिल्ला अदालतबाट फैसला भई सोहीबमोजिम लगत कसी कैद ठेकिएको पाइयो । चोरीको महलको १४ नं. बमोजिम चोरीको कसूरमा जरीवानाको सजाय भएकोमा दुबैको सजाय खापी जरीवानासमेतमा कैद गर्दा दण्ड सजायको ३८(१) नं. बमोजिम ४ वर्षभन्दा बढी कैद गर्न मिल्ने हो होइन भन्नेतर्फ विचार गर्दा यसै सन्दर्भमा "कैद र जरीवानाको सजाय भएको मुद्दामा जरीवानाबापत अधिकतम् कति अवधि कैद गर्न मिल्ने हो भन्ने सम्बन्धमा कानूनले नै निश्चयात्मकरूपमा उपल्लो हद तोकेको स्थितिमा कानूनले तोकेको हदभन्दा बढी कैद ठेक्ने कार्य कानूनसम्मत् भन्न नमिल्ने, चोरीको १४ को देहाय २ ले जवर्जस्ती चोरी गर्नेलाई जरीवानाबापत पनि कैद गर्नुपर्छ भन्ने सजायसम्बन्धी घोषणात्मक व्यवस्था गरेको भए पनि जरीवानाबापत कैद ठेक्नका लागि दण्ड सजायको ३८ नं. भन्दा बाहिर जान मिल्दैन । त्यसैले जरीवानाबापत चोरीको महलबमोजिम हुने कैद सजायको अधिकतम् हद बढी हुनसक्ने देखिए पनि जरीवानाको सट्टामा ठेकिने कैदको उपल्लो हद दण्ड सजायको

महलको ३८ नं. को देहाय १ बमोजिम चार वर्षभन्दा बढी हुन नसक्ने" (*नेकाप* २०६७, अङ्क १२, नि.नं. ८५१६ पृष्ठ १९७६, पूर्ण इजलास, अर्जुन थापा वि. काठमाडौं जिल्ला अदालतसमेत) भनी सिद्धान्त प्रतिपादन भइसकेको छ । जरीवानाबापतमा तोकिनसक्ने कैदको हदमा उक्त सिद्धान्तले स्पष्ट मार्ग निर्देशित गरेको र प्रस्तुत सिद्धान्तमा उल्लिखित विवादित विषयवस्तु र यस रिट निवेदनको विषयवस्तु एकै प्रकृतिको हुँदा उक्त सिद्धान्त प्रस्तुत रिट निवेदनमा पनि आकर्षित हुने देखिँदा झापा जिल्ला अदालतले जरीवानाबापत ४ वर्षभन्दा बढी कैद ठेकेको कार्य कानूनअनुरूप भए गरेको देखिन नआउने ।

निवेदकलाई थुनामा राखिएको कार्य कानूनअनुरूप नभएको भन्ने तथ्य माथि उल्लिखित सिद्धान्तका आधारमा समेत स्पष्ट छ । निवेदकलाई कैदबापत एक महिना पन्ध्र दिन र जरीवानाबापत चार वर्षसमेत गरी जम्मा वर्ष ४।१।१५ (चार वर्ष एक महिना पन्ध्र दिन) कैद ठेक्नुपर्नेमा वर्ष ८।१।१५ आठ वर्ष एक महिना पन्ध्र दिन) कैद ठेकिएको हुँदा चार वर्ष बढी कैद ठेकी निवेदक थुनामा नै रहेको देखिन आयो । दण्ड सजायको ५३ नं. बमोजिम जरीवानाबापत कैद ठेक्दा एक दिनको २५ रूपैयाँको दरले ऐ.को ५३ क.नं. र ३८ नं. को अधिकतम् हदभन्दा बढी कैद ठेक्न नहुने र ऐ.को ३८(१) नं. ले कैद र जरीवाना दुबै सजाय भएको मुद्दामा जरीवाना नतिरेबापत कैद ठेक्दा चार वर्षभन्दा बढी ठेक्न नमिल्ने भन्नेमा स्पष्ट भएको अवस्थामा निवेदकलाई जरीवानाबापत अधिकतम् चार वर्षमात्र कैद ठेक्न मिल्नेमा उक्त अवधिभन्दा बढी चार वर्ष बढी कैद ठेकिएको देखियो । निवेदकलाई कानूनबमोजिम कैद र जरीवानाबापत गरी मिति २०६५।१०।७ देखि मिति २०६९।११।२२ सम्म मात्र थुनामा राख्नु पर्नेमा मिति २०७३।१।२२ सम्म कैद ठेकी कानूनविपरीत गैरथुनामा राखेको देखिएको र ठेक्न मिल्ने कैदको अवधि वर्ष ४।१।१५ (चार वर्ष एक महिना पन्ध्र दिन) मिति २०६९।११।२२ मा भुक्तान भइसकेको देखिँदा निवेदन मागबमोजिम ठेक्न मिल्नेभन्दा बढी कैद चार वर्ष कैद हुने ठहर गरेको हदसम्मको झापा जिल्ला अदालतको मिति २०६६।५।१५ को फैसला र सो फैसलाको आधारमा मिति २०६६।१०।१३ मा कैद ठेकिएको कैद पूर्जीसमेत उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदक दीपक पाल कैदबाट मुक्त हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल साउन २१ गते रोज २ शुभम् ।

६

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१३६५, परमादेश, *हरिबहादुर बोगटी वि.विष्णु के.सी.समेत*

निवदेक हरिबहादुर बोगटीले दिएको जाहेरीसम्बन्धमा आवश्यक कानूनी कारवाहीको बारेमा प्रहरीवृत्त महाराजगञ्जबाट कानूनबमोजिम प्रक्रिया अगाडि बढाउनसक्ने अवस्था देखिएको तथा विपक्षी विष्णु के.सी.समेतलाई पक्राउ गरी उपस्थित गराइदिनु भनी पत्राचारसमेत भएपश्चात् यी निवेदक स्वयम् प्रहरी कार्यालयमा उपस्थित भई हाल निवेदनमा उल्लेख गरेजस्तो अवस्था नभएको र पछि त्यस्तो अवस्था सिर्जना भएमा छुट्टै निवेदन दिने कुरासमेत उल्लेख गरेबाट तत्काल कारवाही अगाडि नबढाएको भन्ने देखिन आयो । विपक्षी विष्णु के.सी. र सविता के.सी.उपर कारवाही गरिपाउन निवेदकले प्रहरीवृत्त बौद्धमा मिति २०६५।७।२० मा उजूरी दिएको भएता पनि उक्त मितिभन्दा लगभग २ वर्ष पछाडि मिति २०६७।२।२१ मा यी निवेदक र विष्णु के.सी.बीच कागजसमेत भएको र सो सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा मिति २०६७।३।२१ मा करकाप मुद्दा दायर भएको भन्ने कुरा निवेदकले उल्लेख गरेबाट यी निवेदक र विपक्षी विष्णु के.सी. बीच २०६५।७।२० भन्दा पछाडिसमेत व्यवहारका कुरामा आपसमा कागज गर्नु र मुद्दा गर्नेसमेतका क्रियाकलाप भएको देखिँदा अपहरणको उद्योग भएको भन्ने निवेदकको जिकीर नै विरोधाभाष देखिन आएको छ । अर्कोतर्फ यिनै निवेदकको अनुरोधमा कारवाही अगाडि नबढाइएको तर घटनाले परिवर्तित रूप लिएमा निवेदकको जाहेरीअनुसारको कानूनी प्रक्रिया अगाडि बढाइने भनी प्रहरी कार्यालयबाट प्रतिबद्धतासमेत उल्लेख भएको हुँदा आदेश जारी गरिरहनु

पर्ने औचित्य नभएकोले रिट निवेदन खारेजकस् हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।८।४ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

**इजलास नं. १**

१

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-१२२६, कर्तव्य ज्यान, *मोहम्मद इशराइल मियाँ वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षसमेत आरोपित कसूर स्वीकार गरी गरेको बयान घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का तथा मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएको उक्त लिखतहरूबाट देखिन्छ । साथै जाहेरीमा उल्लेखित आरोपित कुरा जाहेरवालालगायत वादी पक्षका अन्य साक्षीहरूले अदालतमा आई गरेको बकपत्रमा उल्लेख भएको कथनबाट समर्थित भएको देखिन्छ । यसबाट निज प्रतिवादी अदालतमा समेत निजले आफ्नो पत्नी नजमा खातुनलाई कर्तव्य गरी मारेको कसूरजन्य कुरालाई स्वीकार गरेको देखिँदा यी प्रतिवादी इशराइल मियाँको कर्तव्यबाट मृतक नजमा खातुनको मृत्यु भएको तथ्य विवादरहित तवरबाट पुष्टि भएको पाइने ।

प्रतिवादी र मृतकका बीचमा प्रेम विवाह भएको र निजहरूको विवाहलाई परिवारले नस्वीकारेकाले निजहरू परिवारबाट भिन्न बसेको, मृतक ३६ हप्ताको गर्भवती भएको अवस्थामा निजहरूको बीचमा रोजगारीका विषयमा विवाद भई झगडा हुँदा मृतक श्रीमतीले यी प्रतिवादीलाई एक थप्पड हानेको र यी प्रतिवादीले पनि श्रीमतीलाई हिर्काउँदा श्रीमतीको कन्चटमा लाग्न गई निज बेहोस भएपछि निजको घाँटीमा निजैको सलले बाँधी यी प्रतिवादी भागेको भन्ने यी प्रतिवादीकै भनाईबाट देखिन आउँछ । परिवारबाट पृथक् बसेको अवस्थामा ३६ हप्ताको गर्भवती श्रीमतीसँग विवादको क्रममा दुवै पक्षबाट झगडा गरेको देखिए पनि यी प्रतिवादीको हानेको थप्पड मृतकको कन्चटमा लाग्न गई निज बेहोस भएपछि यी प्रतिवादीले निजलाई बचाउन प्रयास गर्नुको सट्टा निजकै सलले बेहोस अवस्थाकी गर्भवती श्रीमतीको घाँटीमा कसी निजलाई मारी सो सललाई खाटको खुट्टामा बाँधी भागेको देखिएबाट यी प्रतिवादीमा मृतकलाई मार्ने मनसाय (Motive) रहेको र सोही मनसायबमोजिम मृतकलाई मारेको स्पष्ट हुन आउने ।

२० वर्षको वयस्क व्यक्तिले आफ्नो गर्भवती श्रीमतीलाई आफ्नै कोठामा मनसायपूर्वक मारेको स्थापित भइरहेको अवस्थामा प्रतिवादीले गर्भवती पत्नीलाई पहिले कुटपीट गरी पछि घाँटी सलले कसी मारेको पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-१२५० र १३०५, जवर्जस्ती करणी, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. वीरबहादुर सार्की, वीरबहादुर सार्की वि. नेपाल सरकार*

जवर्जस्ती करणीको १ नं. को स्पष्टीकरणको (ग) मा योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ भन्ने व्यवस्थाबाट जवर्जस्ती करणीको कसूर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्वशर्तको रूपमा लिन मिल्दैन । Hymen is intact भएको अवस्थामा पनि जवर्जस्ती करणीको कसूर स्थापित हुनसक्ने ।

ज्यानसम्बन्धी अपराधहरूमध्ये कर्तव्य ज्यान (Murder) र यसको उद्योग (Attempt to murder) को बीचमा अपराधका तत्त्वहरूको रूपमा रहेका आपराधिक

कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) को संयोजनात्मक उपस्थितिको दृष्टिबाट भिन्नता रहेको हुँदैन । दुबै प्रकृतिका अपराधमा सो अपराध गर्ने व्यक्तिले पीडितको मृत्युको मनसाय राखेर आफ्नो कार्यबाट आपराधिक कार्य सम्पन्न गरेको हुन्छ । तर ज्यान मार्ने उद्योगको अपराध कायम हुनको लागि कुनै कारणले कर्ताको अपेक्षाअनुसार पीडितको मृत्यु भएको हुँदैन । ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम मनसाय तत्त्वको विद्यमानता आवश्यक हुन्छ र यस्तो मनसाय अभियुक्तको क्रियाबाट स्पष्ट हुन्छ । ज्यान मार्ने मनसाय रहेको अवस्थामा ज्यान मार्न नपाएको स्पष्ट कारण र अवस्था देखिनु पर्ने ।

प्रतिवादीले जवर्जस्ती करणी गर्ने मनसाय राखी पीडितलाई भूईंमा पछारी जवर्जस्ती करणी गरेको देखिए पनि यी प्रतिवादीमा पीडितलाई मार्ने मनसाय रहेको देखिन आउँदैन । यी प्रतिवादीले पीडितमाथि गरेको कार्यबाट निजलाई जवर्जस्ती करणी गर्ने मनसायलाई कार्यरूप दिने उद्देश्यसम्म रहेको देखिएको छ । जवर्जस्ती गर्ने क्रममा केही चोटपटकसमेत लाग्न गएको अवस्था हुँदा निजले यी प्रतिवादीलाई मार्ने मनसायले टाउकोलगायत शरीरका अन्य भागमा आक्रमण गरेको मिसिल संलग्न प्रमाणहरूबाट स्थापित हुन नआउँदा यी प्रतिवादीले ११ वर्षकी पीडितलाई जवर्जस्ती करणी गरेको देखिएकोले निजलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको दफा ३(२) नं. बमोजिम १२ वर्ष कैद तथा ऐ. १० नं. बमोजिम क्षतिपूर्तिबापत रू. ५०,०००।- (पचास हजार) पीडितलाई भराई दिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१२८३, उत्प्रेषणयुक्त परमादेश, *हरिकृष्ण धेके वि. जिल्ला प्रशासन कार्यालय, नवलपरासीसमेत*

रिट निवेदकलाई हातहतियार खरखजाना मुद्दामा प्रतिवादी बनाएको नदेखिएको र निजले मुद्दा हेर्ने अधिकारी प्रमुख जिल्ला अधिकारीसमक्ष २०६८।२।१३ मा सवारी साधन उपलब्ध गराईपाऊँ भनी निवेदन दिएकोमा प्रमुख जिल्ला अधिकारीले सुनुवाईको मौका नदिई गाडी जफत गर्ने निर्णय गरेको देखिएकोले सुनुवाईको मौका नदिई रिट निवेदकको हकको बा. ८ च. १७७३ नं.को पजेरो गाडी जफत गर्ने गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल भएकोले निवेदकलाई सुनुवाईको मौका नदिई गाडी जफत गर्ने गरेको हदसम्मको जिल्ला प्रशासन कार्यालय, नवलपरासीका प्रमुख जिल्ला अधिकारीबाट मिति २०६८।२।१८ मा भएको निर्णय सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब उक्त गाडी जफत गर्ने निर्णयका सम्वन्धमा गाडी धनी रिट निवेदकलाई सुनुवाईको मौका दिई हातहतियार खरखजाना ऐन, २०१९ को दफा १६ को दावीका सम्बन्धमा निवेदकको सहमति रहे नरहेको र उक्त गाडी जफत हुने नहुनेसमेतका सम्बन्धमा जे जो प्रमाण बुझ्नुपर्ने हो बुझी सो ऐनको दफा १६ बमोजिम गाडी जफतको दावीका सम्बन्धमा मात्र पुनः निर्णय गर्नु भनी परमादेशसमेत जारी हुने ।

बरामदी मुचुल्काबाट नै गाडीधनी को हो भन्ने देखिई सकेपछि तत् सम्बन्धमा तत्काल सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अनुसन्धान गर्नुपर्नेमा सो केही नगरी सुनुवाईको मौका नदिई गाडी धनी यी रिट निवेदकलाई प्रतिवादीसमेत नबनाई उक्त गाडीको जफततर्फ दावी लिने गरी सरकारी वकीलले पेश गरेको अभियोग पत्रमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिमको कानूनी प्रक्रिया पुगेको नदेखिँदा अब त्यस्तो नहुने गरी काम गर्ने गराउने गर्नु भनी मातहतका सरकारी वकीलहरूलाई निर्देशन दिनु भनी महान्यायाधिवक्ताको नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०७० साल असार ३ गते रोज २ शुभम् ।

**इजलास नं. ३**

१

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** २०६८-CR-०५१८, लागू औषध चरेश, *सीताराम वैश्य वि. नेपाल सरकार*

प्रतिवादी सीताराम वैश्यउपर लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) को कसूरमा सोही ऐनको दफा १४(१) घ को ३ बमोजिम सजाय हुन र सोही ऐनको दफा १६ बमोजिम थप सजाय हुनसमेत अभियोग दावी रहेको प्रस्तुत मुद्दामा यी प्रतिवादी सीताराम वैश्यले अदालतमा बयान गर्दा मेरो घरबाट चरेश बरामद भएको होइन । चरेश ल्याउने मानिसले उक्त चरेश छाडी भागेको हो भनी कसूरमा आफू संलग्न नभएको र निर्दोष रहेको व्यहोराको इन्कारी बयान गरेता पनि सो बयानलाई वस्तुगत प्रमाणद्वारा प्रतिवादीले पुष्टि गर्न सकेको पाइँदैन । लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम कुनै व्यक्तिका साथमा कुनै लागू औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भईरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागू औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागू औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेश गर्नुपर्ने ।

मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा लागू औषध चरेश ३ के.जीं मेरो घरभित्र बरामद भएको हो भन्ने साबिती वयानलाई यी प्रतिवादी सीताराम वैश्यको घर खानतलासी गर्दा घरकोठाबाट चरेश ३ के.जीं बरामद भएको भन्ने खानतलासी बरामदी मुचुल्काले समर्थित गरिरहेको देखिनाले अवैध लागू औषध चरेश निज प्रतिवादीले सञ्चय गर्नेसमेतको कसूर गरेको देखिन आयो । तसर्थ संवत् २०६२ सालको स.फौ.नं १३१ को लागू औषध चरेश मुद्दामा समेत निजले सजाय पाएको देखिएकोले लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ क को कसूरमा सोही ऐनको दफा १४(१)४ बमोजिम २ वर्ष कैद र रू. १५०००।- रूपैयाँ जरीवाना हुने र पटकपटक लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिमको निषेधित कार्य गरी यी प्रतिवादी सीताराम वैश्यले सजायसमेत पाइसकेको देखिनाले सोही ऐनको दफा १६ बमोजिम थप कैद २ (दुई) वर्ष र रू. ४०,०००। जरीवानासमेत हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६८-CR-०५९७, लागू औषध चरेश, *सीताराम वैश्य वि. नेपाल सरकार, पूर्णबहादुर बुढाथोकी वि. नेपाल सरकार*

नमूना परीक्षण गर्दा चरेश पाइन्छ भन्ने Central police science laboratory को परीक्षण प्रतिवेदन रहेको र वारदातस्थलबाट चरेशसहित यी प्रतिवादीहरू पक्राउ परेकोमा विवाद नभएको, झोलामा लागू औषध भएको कुरा आफूले थाहा नपाएको भन्ने जिकीरलाई प्रतिवादीले तथ्ययुक्त प्रमाणद्वारा खण्डन गर्न नसकेको एवं स्वयं प्रतिवादीले नै लागू औषध रहेको झोलासहित पक्राउ परेको भनी अदालतमा स्वीकार गरेको र बरामदी मुचुल्कामा स्वयंले रोहवरमा सहीछाप गरिसकेको तथा सोको अन्यथा जिकीर मौकामा नलिएको अवस्थामा खानतलासी एवं बरामदी वेरीतपूर्ण भएको भनी पुनरावेदकले यस अदालतमा लिएको जिकीर तथ्ययुक्त एवं कानूनसम्मत् नदेखिने ।

पुनरावेदक प्रतिवादीहरू सीताराम वैश्य र पूर्णबहादुर बुढाथोकीलाई लागू औषध नियन्त्रण ऐन,२०३३ को दफा ४ क को कसूरमा सोही ऐनको दफा १४(१)(घ)(४) बमोजिम सजाय हुन अभियोग दावी लिइएको र उक्त ऐन दफा ४ क मा गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरीद गर्न, बिक्री गर्न वा सेवन गर्न हुँदैन" भनी निषेध गरिएको कार्य तोकिएको पाइन्छ। त्यस्तै उक्त ऐनको दफा ३ ख २ मा चरेशलाई गाँजाअन्तर्गतको पदार्थ

मानेको पाइन्छ । गाँजाको उत्पादन, तयारी, खरीद बिक्री, वितरण, निकासी वा पैठारी , ओसारपसार तथा सञ्चय गर्ने व्यक्तिलाई सोही ऐनको दफा १४(१)(घ) ४ मा दुई किलोग्रामदेखि दश किलोग्रामसम्मको भए एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरीवाना हुने कानूनी व्यवस्था रहेको देखिनाले लागू औषध चरेश सञ्चय तथा बिक्री गर्नेसमेतका निषेधित कार्य गर्ने यी पुनरावेदक प्रतिवादी पूर्णबहादुर वुढाथोकीलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१) (घ) (४) बमोजिम २ वर्ष ६ महिना कैद र रू. १५०००।- जरीवाना हुने ।

प्रतिवादी सीताराम वैश्यले मौकामा गरेको बयान, बरामदी मुचुल्का, प्रहरी प्रतिवेदनसमेतबाट प्रतिवादी पूर्णबहादुरले सञ्चय गरेर राखेको चरेश ८ किलो यी पुनरावेदक प्रतिवादी सीतारामसमेतलाई देखाई तौल गर्न लाग्दाका अवस्थामा पक्राउ परेको भन्नेसम्म देखिन आएको तर चरेश खरीद गरी मूल्य भुक्तानी गरेको भन्ने देखिने तथ्य मिसिल प्रमाणबाट नदेखिएको र लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ मा यस ऐनअन्तर्गत सजाय हुने अपराध गर्ने, षड्यन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरूत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरेबापत हुने सजायको आधी सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यी पुनरावेदक प्रतिवादी सीताराम वैश्यलाई १वर्ष कैद र रू. ५०००।- जरीवाना गर्ने गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला कानूनसम्मत् भै मिलेकै देखिन आउने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर गर्नेः विश्वराज पोखरेल

इति संवत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०७४९, अंशचलन, *गुञ्जेश्वरी थरूनीसमेत वि. भोगेन्द्रप्रसाद चौधरीसमेत*

प्रमाण ऐन, २०३१ को दफा ६(क) ले अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने हुँदा प्रतिवादीहरू गुञ्जेश्वरी थरूनी र संगीता भन्ने धनमाया राईका नाउँ दर्ताका जग्गा बण्डा नहुनु पर्ने भन्ने निज प्रतिवादीहरूको पुनरावेदन कानूनसम्मत् नदेखिएकोले मनासिब देखिन आएन । वादी प्रतिवादीका अंशियारका बीच मिति २०६२।२।५ मा बण्डापत्रहुँदा बण्डामा नपरेका र माथि विवेचित् आधारबाट निजीतवरले प्राप्त सम्पत्ति नदेखिएकाले उल्लिखित प्रतिवादी गुञ्जेश्वरी थरूनीका नाउँको कि.नं. ३७५, ४४३, ४४५ १२४१, प्रतिवादी ज्ञानकुमार चौधरीका नाउँको कि.न. ६२९, ६३० प्रतिवादी संगीता भन्ने धनमाया चौधरीका नाउँको कि.नं ६१६ का जग्गा अबण्डाको जग्गा देखिनाले अंशियारहरूका बीचमा बण्डा लाग्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर गर्नेः विश्वराज पोखरेल

इति संवत् २०७० साल भाद्र १६.गते रोज १.शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६७-CI-१६७८, परमादेश, *प्रमुख, भक्तपुर नगरपालिकासमेत वि. हरिप्रसाद भुर्तेलसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५० अनुसार नगरपालिका क्षेत्रमा भवन निर्माण गर्ने अनुमतिको लागि सम्बन्धित नगरपालिकासमक्ष दरखास्त दिनुपर्ने व्यवस्था रहेको देखिन्छ। निवेदकहरूले सोहीबमोजिम आफूहरूले खरीद गरेको जग्गाहरूमा भवन निर्माणको लागि नगरपालिकासमक्ष दरखास्त दिन ल्याएको तर दर्तासमेत नगरेको तथा निवेदकहरूमध्ये ललिता पराजुलीले दिएको दरखास्तमा कुनै पनि कारवाही नगरेको भन्ने निवेदन व्यहोरा रहेको र निवेदन दावीबमोजिम विपक्षीहरूले दरखास्त दर्ता गरेको तथा दर्ता भएको दरखास्तउपर समेत कारवाही चलाएको भन्ने कुनै प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन ।

कुनै पनि अख्तियारप्राप्त निकायले कानूनबमोजिमको आफ्नो कामकारवाही गर्ने क्रममा सेवाग्राहीहरूलाई यथोचित् समयमा काम सम्पन्न गरी दिने तथा कामकारवाही गर्न नसक्ने अवस्था भए सोको कारण खोली यथोचित् समयमै जानकारी गराउने सम्बन्धित निकायको कर्तव्य हुने ।

निवेदकहरूले खरीद गरी लिएको जग्गाको जग्गाधनी र प्लटिङ् गर्ने भनिएको प्रपर्टी डिलर्सबीच जग्गा प्लटिङ् गर्ने भनी मिति २०६१।१।२० मा सहमति भएको भए तापनि कम्पनीका सञ्चालकहरूबीच मनमुटाव भई सहमतिबमोजिम गर्न नसक्ने भनी जानकारी गराएकोले आफ्नै पहलबाट बाटो मिलान गरी कित्ताकाट गरी निवेदकहरूलाई जग्गा बिक्री गरेको हो भन्ने व्यहोराको मुलुकी ऐन, अ.बं. १३९ नं.बमोजिम पुनरावेदन अदालत, पाटनबाट झिकाइएका साविक जग्गाधनीहरूको लिखित जवाफ रहेको देखिन आयो । जग्गाधनीहरूले खरीद गरेका जग्गामा घर निर्माण गर्न पाउने निजहरूको अधिकार रहेको र त्यसको लागि निवेदकहरूले सम्बन्धित निकाय भक्तपुर नगरपालिकामा कानूनबमोजिम नक्सा स्वीकृतिको लागि दरखास्त दिन पाउने नै देखिन्छ । त्यसरी नक्साको लागि दरखास्त दिन ल्याएपश्चात् कानूनबमोजिम दरखास्त दर्ता गर्ने र सोउपर यथोचित् समयभित्र कारवाही प्रक्रिया अगाडि बढाई कानूनबमोजिम नक्सा पास गर्ने वा त्यस्तो दरखास्त दर्ता गर्न इन्कार गरेमा सोको स्पष्ट कारण खोली दरपीठ गर्नुपर्ने कर्तव्य भक्तपुर नगरपालिका कार्यालयको रहेको देखिन्छ । नगरपालिकासमेतका पुनरावेदकहरूले आफ्नो कानूनी दायित्त्व निर्बाह गरी सुशासनको अनुभूति स्थानीय बासिन्दाहरूलाई गराउनु पर्दछ । प्रस्तुत विषयमा भक्तपुर नगरपालिकाले कानूनबमोजिम आफ्नो कर्तव्य पूरा गरेको नदेखिँदा निवेदकहरूले आफूले खरीद गरी लिएको जग्गामा घर निर्माणको लागि कानूनको रीत पुर्‍याई दरखास्त दिन ल्याएमा दर्ता गरी कानूनबमोजिम नक्सा पास गरी दिनु तर नक्सा पास हुन नसक्ने भए सोको कारण स्पष्ट तवरबाट खोली दरपीठ गरी आफ्नो कानूनी कर्तव्य पूरा गर्नु भनी विपक्षी भक्तपुर नगरपालिकासमेतको पुनरावेदकहरू समेतका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।२६ को परमादेशको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६८-CI-०५१९, निषेधाज्ञा, *डीलबहादुर भन्ने डीलबहादुर कार्की वि. मीना सापकोटा कार्की*

रिट निवेदक मीना सापकोटा कार्की र विपक्षी डीलबहादुर कार्कीबीच वादविवाद भई झैझगडा भएकोले निजहरू दुबै पक्षलाई उपस्थित गराई अब उप्रान्त दुबै पक्ष एकआपसमा झैझगडा नगर्ने भनी मौखिकरूपमा सम्झाई बुझाई पठाउने कार्य भएको हो भन्ने महानगरीय प्रहरी प्रभाग, लैनचौरको लिखित जवाफ रहेको देखियो । जसबाट विपक्षी डीलबहादुर कार्कीले आफ्नो नाउँमा रहेको घरजग्गा निवेदिकालाई होटल सञ्चालन गर्न दिएको तर घरजग्गा खाली गराउन पाउने कानूनी प्रक्रियाको बाटो अवलम्बन गरेको नभई शुरूमै प्रहरी प्रशासनको सहयोग लिएको देखिन आयो । आफ्नै स्वीकृतिमा आफ्नो घरमा व्यवसाय सञ्चालन गर्न दिएको अवस्थामा निजलाई उक्त घर जग्गाबाट हटाउनु परे नियम तथा कानूनसङ्गत् तरीकाबाट हटाउनु पर्ने हुन्छ । कुनै पनि व्यवसाय सञ्चालन गरी बसेको व्यक्तिलाई जवर्जस्तीरूपमा गैरकानूनी तरिकाबाट हस्तक्षेप गरी हटाउनु न्यायसङ्गत् देखिन नआउने हुँदा निवेदिकालाई उक्त घरजग्गाबाट हटाउनु परेको खण्डमा पुनरावेदक विपक्षी डीलबहादुरले आवश्यक कानूनी प्रक्रियाकासाथ हटाउन सक्ने नै हुँदा हाल निवेदकलाई उक्त होटल व्यवसाय सञ्चालन गर्न अवरोध नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।४।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की**, ०६८-CI-००७३, परमादेशयुक्त निषेधाज्ञा, *प्रेमचन्द्र प्रसाद कुसवाह वि. गौर भन्सार कार्यालय, गौर रौतहटसमेत*

गौर भन्सार कार्यालयबाट गाडी जफत गर्ने गरी भएको मिति २०६७।९।५ को निर्णयउपर प्रस्तुत मुद्दाका पुनरावेदक निवेदकले राजश्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गरेको भन्नेसमेत मिसिल संलग्न प्रमाणबाट देखिन आउँदा उक्त मुद्दाको अन्तिम टुङ्गो लागिसकेको भन्ने कुनै पनि प्रमाण सम्बन्धित पक्षहरूबाट समेत प्रस्तुत हुन आएको देखिँदैन । सो मोटर विषयमा लिलाम गर्न मिल्ने नमिल्ने यावत् मोटरसँग सम्बन्धित उपयुक्त आदेश र अन्ततः अन्तिम निर्णयसमेत राजश्व न्यायाधिकरणबाट हुनसक्ने नै हुँदा यस अदालतबाट अनावश्यक हस्तक्षेप गर्न उचित देखिन आएन । यसरी सोही गाडी जफत मुद्दामा अधिकारप्राप्त निकायसमक्ष कानूनबमोजिम पुनरावेदन परिसकेको तर उक्त मुद्दाको अन्तिम टुङ्गो लागिनसकेको अवस्थामा परमादेशयुक्त निषेधाज्ञाको मुद्दाबाट उक्त मुद्दालाई असर पर्ने गरी निर्णय गर्नु कानून र न्यायको रोहबाट औचित्यपूर्ण नदेखिँदा भन्सार कार्यालयको निर्णयउपर परेको पुनरावेदनमा निर्णय नभएसम्म प्रस्तुत निवेदनबाट हस्तक्षेप गरी आदेश गर्न नमिल्ने देखिँदा पुनरावेदनमा निर्णय नभएसम्म प्रस्तुत निवेदनबाट हस्तक्षेप गर्न नमिल्ने देखिँदा पुनरावेदन अदालत हेटौंडाबाट प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याई भएको मिति २०६७।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल भदौ २० गते रोज ५ शुभम् ।

## पुनरालोकन निस्सा

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-RV-००३४, उत्प्रेषणसमेत, *झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. ५ स्थित श्री कृष्ण प्रणामी मन्दिर चारपानेका तर्फबाट अख्तियारप्राप्त त्रिलोचन संग्रौला वि. भूमिसुधार कार्यालय, झापासमेत*

कि.नं. ०८८ को ०-९-० जग्गा निवेदक कृष्ण प्रणामी मन्दिरको नाउँमा दर्ता रहेको र विपक्षी शंकरप्रसाद रिजाल मोही रहेको हुँदा जग्गा बाँडफाँड गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(घ) अनुसार नरम करम मिलाई बाँडफाँड गर्नुपर्नेमा निवेदन खारेज हुने गरी यस अदालतबाट मिति २०६९।१२।१३ मा आदेश, मोही लागेको जग्गा नरम करम मिलाई बाँडफाँड गर्नुपर्ने भनी रिट निवेदक तेह्रथुम जिल्ला आठराई स्थित श्री प्रणामी माध्यमिक विद्यालयको तर्फबाट मिथिलेशकुमार मिश्र विरूद्ध भूमिसुधार कार्यालय, झापासमेत विपक्षी भएको संवत् २०६३ सालको रिट नं. १२३४ को उत्प्रेषणसमेत मुद्दामा यस अदालतबाट मिति २०६५।१।६ मा भएको आदेशमा प्रतिपादित सिद्धान्तप्रतिकूल भई न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा १ को खण्ड (ख) को अवस्था विद्यमान देखिँदा प्रस्तुत निवेदनमा पुनरालोकनको निस्सा प्रदान हुने ।

इति संवत् २०७० साल पुस २६ गते रोज ६ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RE-०१३४, बैंकिङ कसूर, *कर्णबहादुर थापा वि. नेपाल सरकार*

ऋणी मदन एण्ड गुरुङ हाउजिङ्लाई कर्जा प्रवाह गर्दा यी निवेदक गोर्खा डेभलपमेन्ट बैंकको सहायक महाप्रबन्धकको रूपमा कार्यरत् रहेको र निवेदकले कर्जा स्वीकृत वा प्रवाह गर्ने कार्य गर्ने नभई कर्जा विभागमार्फत् प्रवाह हुने कर्जाको सम्पूर्ण प्रक्रिया पूरा गरी आइसकेपछि स्वीकृतिको लागि निर्णय गर्ने अधिकारी/निकायसमक्ष पेश गर्ने क्रममा कर्जा प्रस्तावमा आफ्नो मत दर्शाई हस्ताक्षरसम्मको कार्य गरेको देखिँदा तत्काल प्राप्त प्रमाण र आधारबाट यी निवेदक/प्रतिवादी कसूरदार होइन रहेछन् भनी मान्न मिलेन । पुर्पक्षको लागि तारिखमा राख्ने गरी यस

अदालतका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्टबाट पुर्पक्षको लागि थुनामै राख्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको आदेश सदर गर्ने गरी मिति २०६९।७।१९ मा व्यक्त भएको दुबै रायसँग यो पूर्ण इजलास सहमत हुन सकेन । कसूरको प्रकृति र त्यसमा निजको संलग्नता हेर्दा निवेदकलाई पुर्पक्षको निमित्त थुनामै राख्नुपर्ने अवस्था विद्यमान नदेखिँदा थुनामा राख्ने गरेको त्यस अदालतको मिति २०६९।१२।१९ को आदेश मिलेको नहुँदा बदर गरिदिएको छ । अतः पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल अ.बं. ११८(४) बमोजिम निज प्रतिवादी कर्णबहादुर थापाबाट रू.२,००,०००।- (अक्षरूपी दुई लाखमात्र) नगद वा सो बराबरको जेथा जमानत दिए लिई निजलाई मुद्दाको पुर्पक्षको लागि तारिखमा राख्नू । सो बराबरको नगद वा जेथा जमानत दिन नसके कानूनबमोजिम थुनामा राख्नू ।

इति संवत् २०७० साल पुस १८ गते रोज ५ शुभम् ।

यसै प्रकृति/लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-RE-०१३६, बैंकिङ कसूर, *कर्णबहादुर थापा वि. नेपाल सरकार*
- ०६८-RE-०१३७, बैंकिङ कसूर, *कर्णबहादुर थापा वि. नेपाल सरकार*

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-RE-०१२७, बैंकिङ कसूर, *डम्बरबहादुर बम्जन तामाङ वि. नेपाल सरकार*

निवेदकलाई मुलुकी ऐन, अ.बं. ११८(२) बमोजिम थुनामा राख्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।२० को आदेश वेरीतको नदेखिँदा परिवर्तन गरिरहनु परेन, कानूनबमोजिम गर्नु भन्ने यस अदालतका माननीय न्यायाधीश श्री तर्कराज भट्टबाट मिति २०६९।७।१९ मा व्यक्त भएको राय सदर हुने ।

इति संवत् २०७० पुस १८ गते रोज ५ शुभम् ।

यसै प्रकृति/लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-RE-०१४४, बैंकिङ कसूर, *प्रविण नौलखा वि. नेपाल सरकार*
- ०६८-RE-०१४५, बैंकिङ कसूर, *प्रविण नौलखा वि. नेपाल सरकार*

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-RE-०२६०, लागू औषध, *राजकुमार दर्लामी वि. नेपाल सरकार*

निवेदक कसूरमा प्रहरीमा समेत सावित नभई इन्कार देखिएको र निजबाट दशीसमेत बरामद भएको नदेखिएकोले प्रहरीसमक्षको सहअभियुक्तको पोलसम्मको आधारमा पुर्पक्ष निम्ति थुनामा राख्नुपर्नेसम्मको अवस्था विद्यमान देखिन नआएकोले शुरू रौतहट जिल्ला अदालतको आदेश सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१२।८ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । पछि ठहरेबमोजिम हुने गरी निवेदक प्रतिवादीलाई पुर्पक्ष निम्ति थुनाबाट छाडी तारिखमा राखी कारवाही गर्नू ।

इति संवत् २०७० साल पुस १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०२१०, ०२११, कर्तव्य ज्यान, *नागेश्वर यादव वि. नेपाल सरकार, नेपाल सरकार वि. सञ्जय यादव*

पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।९।५ को अ.बं. १७ नं. को आदेश गर्दा प्रतिवादी नागेश्वर यादवले पनि मृतकलाई चोट छाडेको भन्ने हुँदा भन्ने आधार लिई पुर्पक्ष निम्ति थुनामा राख्ने शुरूको आदेश सदर गरेको भए पनि सो केबाट देखिएको भन्ने कुनै तथ्य उल्लेख गर्न सकेको पाइएन । प्रतिवादी नागेश्वर यादव कसूरमा इन्कार रही प्रहरी र अदालतमा समेत इन्कार गरेको देखिएको, प्रहरीमा सहअभियुक्त शशी कापडले निजलाई पोल गरे पनि अदालतमा पोल गरेको देखिन्न । मृतकलाई कर्तव्यको

वारदात गर्ने क्रियामा निज प्रतिवादी संलग्न भएको देख्ने, जान्ने तथा वस्तुगत प्रमाणहरूको आधार लिई तत्काल पुर्पक्ष निम्ति थुनामा राख्ने आदेश गरेको भन्ने देखिन नआएकोले अ.बं. ११८(२) बमोजिम हाल पुर्पक्ष निम्ति थुनामा राखी कारवाही गर्नुपर्ने नदेखिएकोले पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६९।९।५ को आदेश बदर हुने ।

प्रतिवादी सञ्जय यादवको हकमा ज्यानसम्बन्धी महलको १६ नं. को दावी लिइएको देखिन्छ। निज प्रतिवादी प्रहरी एवं अदालतमा कसूरमा इन्कार रहेको देखिन्छ । तत्काल प्राप्त प्रमाणका आधारमा पुर्पक्षका निम्ति थुनामा राख्नुपर्नेसम्मको अवस्थाको अभावमा निजलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने अवस्था नदेखिँदा निज प्रतिवादी सञ्जय यादवलाई तारिखमा राखी पुर्पक्ष गर्ने गरेको शुरू धनुषा जिल्ला अदालतको आदेश सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।९।५ को निर्णयमा परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने ।

इति संवत् २०७० साल पुस २४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,,** ०६९-RE-०२७७, २०६९-AP-०५३०, कर्तव्य ज्यान, *राकेशकुमार साह वि. नेपाल सरकार, सानुबहादुर तामाङ् वि. नेपाल सरकार*

जाहेरीमा प्रतिवादी अमित लिम्बू र सानुबहादुर तामाङ्उपर कसूरको शङ्का देखाइएको भए पनि जाहेरवालाले प्रत्यक्ष जानकारीको आधारमा जाहेरी दिएको नदेखिएको, प्रतिवादीहरूले प्रहरी एवं अदालतमा समेत कसूरमा इन्कार रही बयान गरेको देखिएको, मृत्युको कारण कर्तव्य नै हो भनी ठोस राय विशेषज्ञले व्यक्त गर्न सकेको नभै मृत्युको कारण नै अनिर्णित रहेको भनेको देखिएको, यस स्थितिमा प्रतिवादीहरूको के कस्तो कर्तव्य भन्ने नै यकीन नगरी दायर भएको अभियोगपत्रको आधारमा चलेको मुद्दामा पुर्पक्षका निम्ति प्रतिवादीहरूलाई थुनामा राख्नुपर्नेसम्मको कुनै मनासिब कारण विद्यमान नदेखिएकोले पुर्पक्षका निमित्त थुनामा राख्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।३ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । पछि ठहरेबमोजिम हुने गरी निज प्रतिवादी अमित लिम्बू र मानबहादुर तामाङ्लाई पुर्पक्ष निम्ति तारिखमा राखी कानूनबमोजिम गर्नू ।

इति संवत् २०७० साल पुस २४ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०७० सालको RE-००१२, अजिङ्गरको छाला तथा वन्यजन्तु नाङ्गले चराको ओसारपसार, *सोमबहादुर घलान वि. नेपाल सरकार*

निवेदक सोमबहादुर घलानको सँगसाथबाट दशी बरामद नभएको, निज आरोपित कसूरमा इन्कार रही बयान गरेको, सहअभियुक्तहरूले निजउपर पोल नगर्नुको साथै मौकामा तयार गरिएको कागजले समेत निज प्रतिवादी सोमबहादुर घलानले आरोपित कसूर गरेको भन्ने कुनै प्रमाण र आधार नभएकोमा पनि निजलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी शुरूले गरेको आदेश सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति ०६९।१०।४ को आदेश कानूनसम्मत् नदेखिँदा बदर गरिदिएको छ । पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी निवेदक प्रतिवादी सोमबहादुर घलानलाई पुर्पक्षको निमित्त अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको कारवाही गर्नू ।

इति संवत् २०७० साल पुस २४ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** उत्प्रेषण, ०७०-WO-४४९, उत्प्रेषण, *हजारा खातुन वि. पुनरावेदन अदालत, राजविराज*

निवेदकको दावीबमोजिम निजले अंशबापत प्राप्त गरेको कित्ता नं. १०१ को जग्गा यो रिट निवेदनको अन्तिम टुङ्गो नलाग्दै, चलेको लेनदेन मुद्दाको बिगोमा लिलाम भई गएमा यो रिट निवेदन निस्प्रयोजन हुने हुँदा यो रिट निवेदनको अन्तिम किनारा नहुन्जेलसम्मको लागि सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम उक्त जग्गा लिलाम नगर्नु, नगराउनु भनी श्री सप्तरी जिल्ला अदालतको नाउँमा अन्तरिम आदेश जारी हुने ।

## अदालत गतिविधि

### हेटौंडामा नेपाली भाषाको प्रशिक्षण



प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्नुहुँदै पुनरावेदन अदालत, हेटौंडाका माननीय मुख्य न्यायाधीश श्री जगदीश शर्मा पौडेल

२०७० साल पुष २६ र २७ गते सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिको आयोजनामा हेटौडामा इजलास अधिकृतहरू तथा फैसला लेखनमा प्रत्यक्ष संलग्न सहायक कर्मचारी तथा कम्प्युटर अपरेटरहरू समेतका लागि सञ्चालित दुईदिने कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको शुभारम्भ पुनरावेदन अदालत, हेटौडाका माननीय का.मु.मुख्य न्यायाधीश श्री जगदिश शर्मा पौडेलले गर्नु भएको थियो । सो अवसरमा आफ्नो मन्तव्य दिंदै उहाँले अदालतमा प्रयोग हुने कानूनी नेपाली भाषा शुद्ध र सरल ढंगबाट लेख्नु पर्ने कुरा औंल्याउँदै अदालतबाट तयार हुने लिखतहरू भाषिकरूपमा शुद्ध र न्यायका उपभोक्ताहरूले सजिलैसँग बुझ्न सक्ने हुनुपर्दछ । सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिले पुनरावेदन अदालत, हेटौंडा र अन्तर्गतका जिल्ला अदालतमा कार्यरत इजलास अधिकृत तथा सहायक कर्मचारीहरूका लागि दुई छुट्टा-छुट्टै समूहमा यो कार्यक्रम गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो ।

नेपाली भाषाको लेखनमा शुद्धशुद्धीतर्फ ध्यान दिनु आफैमा सकारात्मक पक्ष हो । अदालतबाट हुने आदेश, फैसलामा मात्र नभई वयान, बकपत्रलगायत कार्यालयबाट हुने पत्राचारमा पनि नेपाली भाषा लेखनमा हामी त्यति नै चनाखो हुनुपर्दछ । कतिपय आदेश तथा फैसलाहरूमा भाषाको अस्पष्टताले अड्वढ परेकै कारण पुनः पुष्टि गर्नुपर्नेसमेत भएका उदाहरणहरू छन् । फैसला तथा आदेशमा भएका वाक्य संरचना तथा शुद्धशुद्धीले फैसला कार्यान्वयनलाई समेत सहज र सरल बनाउछ । अहिले भाषिक मर्यादाको अभ्यास टुट्दै गएको अवस्थामा यसप्रकारको प्रशिक्षणले फैसला लेखनका क्षेत्रमा कार्यरत् हाम्रा कर्मचारीहरूको पुनर्ताजगीसमेत हुने भएकाले समय-समयमा यस प्रकारका कार्यक्रम हुनुपर्नेमा वहाँले जोड दिनुभयो । समय समयमा हुने भाषिक विकासको जानकारी हुन र भाषिक कमजोरीको न्यूनीकरण गर्न यस्ता प्रशिक्षण कार्यक्रम समय-समयमा हुनुपर्दछ । सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिले अत्यन्त महत्वपूर्ण यस

क्षेत्रको पहिचान गरी यो कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्नुभयो ।

शुभारम्भ सत्रको क्रममा सहप्राध्यापक श्री गोविन्द घिमिरेले विकासको क्रमसँगै कानूनी नेपाली भाषाको विकास गर्ने क्रम अगाडि नै देखिन्छ। कानूनी नेपाली भाषाको भाषिक विश्लेषण गर्ने आधारको खोजी आयोजक समितिबाट भएको छ। विगत वर्षदेखि हामी यस प्रयासमा संलग्न छौं। अदालतमा प्रयोग हुने शब्द र वाक्यको अर्थ विस्तार र अर्थ संकोचको महत्त्व पनि त्यतिकै रहन्छ। उदाहरणका लागि पहिला कुनै पनि कार्यालयलाई अड्डा भनिन्थ्यो भने हाल अड्डाले अदालतलाई इंगित गर्दछ। अति व्याप्ति र अव्याप्ति दोषहरू पनि भाषामा रहेका हुन्छन्। असङ्गत प्रयोग, अनावश्यक प्रयोग र अस्पष्ट शब्द र वाक्यको प्रयोगले अदालती काम कारवाहीमा ल्याउने कमजोरीलाई ध्यान दिनु जरूरी छ। शुरू तहका अदालतबाट हुने वयान, वकपत्र, आदेश लगायत फैसला लेखन देखिनै सरल र प्रष्टरूपमा बुझिने शब्द र वाक्यहरूको प्रयोग गर्ने तौर तरीकाका बारेमा यस प्रशिक्षणले प्रशिक्षार्थीहरूलाई पोख्त बनाउने आशा व्यक्त गर्नुभयो ।

सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिका सचिव तथा सम्पादक अम्बिकाप्रसाद निरौलाले उपस्थित महानुभावहरूलाई स्वागत गर्दै उपस्थितिका लागि धन्यवाद ज्ञापन गर्नुभयो। स्वागत मन्तव्यमा उहाँले नेपाली भाषा अब नेपालीहरूले मात्र प्रयोग गर्ने भाषाका रूपमा नरहेर अहिले अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रचलनमा रहेको छ । अन्यक्षेत्रमा जस्तै कानूनी क्षेत्रमा पनि भएको विश्वव्यापिकरणसँगै नेपालका अदालतहरूले गरेका सर्वोच्च फैसलाहरूलाई आधार मानेर अन्य देशका अदालतहरूले



प्रशिक्षण कार्यक्रमका सहभागीहरू कार्यक्रम समापन पछि सामूहिक तस्विर खिचाउँदै

हटाउन थोरै भएपनि मद्दत पुऱ्याउने कुरा व्यक्त गर्नुभयो। शुभारम्भ सत्रकै मन्तव्यक्रममा पुनरावेदन अदालत हेटौडाका माननीय न्यायाधीश श्री वमकुमार श्रेष्ठले यो कार्यक्रम धेरै पहिले नै सञ्चालन गर्नु पर्ने अवस्था थियो तापनि सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिले हाल आएर यो कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्नुभयो। खासगरी कानूनी नेपाली भाषामा हुने द्विदअर्थी शब्दको प्रयोगलाई कसरी संयोजन र प्रयोग गर्न सकिन्छ भन्ने तर्फ विशेष

कानूनी कारवाही गर्ने गरेको छ। निजी अन्तराष्ट्रिय कानूनमा भएका विकास एवं नेपालको अदालतहरूले गरेको फैसलाहरूलाई आधार मानेर अन्य राष्ट्रका अदालतहरूले फैसला गर्ने सन्दर्भमा नेपाली भाषामा लेखिएका फैसलाहरूमा शुद्ध नेपाली भाषाको लेखन हुन जरूरी छ। भाषा सम्पादन गर्दा द्वैद अर्थ नलाग्ने गरी सरल र सहज शब्द संयोजन हुनु जरूरी छ। त्यसै धारणाबाट अदालत सम्पादन तथा प्रकाशन समितिबाट निर्णय भई विभिन्न स्थानका अदालतहरूमा

कार्यरत कर्मचारीहरूलाई कानूनी नेपाली भाषाको तालिम दिने सन्दर्भमा सम्पादन तथा प्रकाशन समितिबाट सञ्चालित कार्यक्रमको सबै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । त्यस्तै तालिम कार्यक्रम सञ्चालनका लागि प्रशिक्षार्थीहरू उपलब्ध गराउने, अन्य विषयहरूमा सहयोग पुऱ्याउनु हुने पुनरावेदन अदालत हेटौडाका माननीय न्यायाधीशहरू, रजिष्ट्रार, मातहत जिल्ला अदालत र सहभागी प्रशिक्षार्थीहरूबाट प्राप्त सहयोगका लागि धन्यवादसमेत दिनुभयो। सो कार्यक्रमको सञ्चालन सम्पादन तथा प्रकाशन शाखाका शाखा अधिकृत श्री राजन बास्तोलाले गर्नुभएको थियो ।

कार्यक्रममा पुनरावेदन अदालतका माननीय न्यायाधीशहरू श्री वमकुमार श्रेष्ठ, श्री तिलप्रसाद श्रेष्ठ, श्री जीवनहरि अधिकारी, श्री विनोदप्रसाद शर्मा, श्री उमेशकुमार सिंह, श्री हरिप्रसाद भण्डारी, श्री सरोजप्रसाद गौतम, श्री सरिता शर्मा तथा मकवानपुर जिल्ला अदालतका माननीय न्यायाधीशहरू श्री दीपेन्द्र अधिकारी, श्री बासुदेव पौडेल तथा पुनरावेदन अदालत हेटौडाका रजिष्ट्रार श्री जितेन्द्रबाबु थपलिया तथा अन्य अधिकृतहरूको पनि उपस्थिति थियो । कार्यक्रममा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू शाखा अधिकृत श्री सम्झना सिम्खडा पुडासैनी र कार्यालय सहायक श्री कृष्णबहादुर श्रेष्ठ समेतको सहभागिता रहेको थियो । भाषाविज्ञहरू नेपाल ल क्याम्पसका सहप्राध्यापक श्री गोविन्दप्रसाद घिमिरे, काठमाडौं स्कूल अफ लका उपप्राध्यापक श्री रामचन्द्र फुँयाल तथा चक्रवती हबी कलेजका श्री दीनदयाल रेग्मीले कानूनी नेपाली भाषाका प्रशिक्षण सञ्चालन गर्नु भएको थियो भने समितिका सचिव श्री अम्बिकाप्रसाद निरौला र शाखा अधिकृत राजन बास्तोलाले फैसला लेखन तथा आदेश लेखन सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने सो प्रयोगात्मक अभ्यासको भाषिक पक्षको सहजिकरण स्रोत व्यक्ति सह-प्राध्यापक श्री गोविन्दप्रसाद घिमिरे र उप -प्राध्यापक श्री रामचन्द्र फुयालले गर्नुभएको थियो। प्रशिक्षण कार्यक्रममा पुनरावेदन अदालत, हेटौडा र सो अन्तर्गतका चितवन, मकवानपुर, वारा, पर्सा र रौतहट जिल्ला अदालतका निम्नलिखित कर्मचारीहरूको सहभागिता रहेको थियो :-

**सहभागी अधिकृतहरू**

| क.स. | नाम, थर | कार्यालय |
|---|---|---|
| १. | श्री बसन्तराज कोइराला, | पुनरावेदन अदालत हेटौंडा |
| २. | श्री केशरनाथ अर्याल, | पुनरावेदन अदालत हेटौंडा |
| ३. | श्री बत्सराज कोइराला, | पुनरावेदन अदालत हेटौंडा |
| ४. | श्री गोविन्दप्रसाद घिमिरे, | पुनरावेदन अदालत हेटौंडा |
| ५. | श्री उत्तम सिलवाल, | पुनरावेदन अदालत हेटौंडा |
| ६. | श्री माधवप्रसाद तिमल्सिना, | पुनरावेदन अदालत हेटौंडा |
| ७. | श्री गोपी विश्वकर्मा, | पुनरावेदन अदालत हेटौंडा |
| ८. | श्री बद्रिप्रसाद लामिछाने, | पुनरावेदन अदालत हेटौंडा |
| ९. | श्री लालबहादुर कार्की, | पर्सा जिल्ला अदालत |
| १०. | श्री लक्ष्मण पौडेल, | पर्सा जिल्ला अदालत |
| ११. | श्री श्याममणि पौडेल, | बारा जिल्ला अदालत |
| १२. | श्री कृष्णमुरारी सिग्देल, | बारा जिल्ला अदालत |
| १३. | श्री राधाकान्त झा, | रौतहट जिल्ला अदालत |
| १४. | श्री गम्भिर घिमिरे, | चितवन जिल्ला अदालत |

**सहभागी सहायक कर्मचारीहरू**

| क.स. | नाम, थर | कार्यालय |
|---|---|---|
| १. | श्री तुलसीप्रसाद लामिछाने, | पुनरावेदन अदालत हेटौंडा |
| २. | श्री प्रमोद मैनाली, | पुनरावेदन अदालत हेटौंडा |
| ३. | श्री स्वीकृति भट्ट, | पुनरावेदन अदालत हेटौंडा |
| ४. | श्री राजकुमार लामिछाने, | पुनरावेदन अदालत हेटौंडा |
| ५. | श्री विष्णुमाया वि.क., | चितवन जिल्ला अदालत |
| ६. | श्री प्रेमदत्त पौडेल, | चितवन जिल्ला अदालत |
| ७. | श्री रमेशकुमार भट्टराई, | चितवन जिल्ला अदालत |
| ८. | श्री नेत्रप्रसाद पौडेल, | चितवन जिल्ला अदालत |
| ९. | श्री प्रदिपकुमार अधिकारी, | पर्सा जिल्ला अदालत |
| १०. | श्री लक्ष्मीकान्त झा, | पर्सा जिल्ला अदालत |

११. श्री रामकाजी कट्वाल, पर्सा जिल्ला अदालत
१२. श्री भेषबहादुर कार्की, पर्सा जिल्ला अदालत
१३. श्री भानुभक्त पौडेल, पर्सा जिल्ला अदालत
१४. श्री सन्तबहादुर कुमाल, पर्सा जिल्ला अदालत
१५. श्री जयनारायण यादव, पर्सा जिल्ला अदालत
१६. श्री कमल सन्जेल, पर्सा जिल्ला अदालत
१७. श्री रमेशप्रसाद यादव, पर्सा जिल्ला अदालत
१८. श्री दीपक वस्याल, बारा जिल्ला अदालत
१९. श्री राजमणि पौडेल, बारा जिल्ला अदालत
२०. श्री सुरेश महतो, बारा जिल्ला अदालत
२१. श्री आविद् अन्सारी, बारा जिल्ला अदालत
२२. श्री पूर्णबहादुर खत्री, बारा जिल्ला अदालत
२३. श्री मनोजकुमार चौधरी, बारा जिल्ला अदालत
२४. श्री नारायणप्रसाद सेढाईं, बारा जिल्ला अदालत
२५. श्री एकरामुल हक, रौतहट जिल्ला अदालत
२६. श्री टेकराज वाग्ले, रौतहट जिल्ला अदालत
२७. श्री कुमारप्रसाद न्यौपाने, रौतहट जिल्ला अदालत
२८. श्री भीमबहादुर घर्तिमगर, रौतहट जिल्ला अदालत
२९. श्री सुरेन्द्रप्रसाद यादव, रौतहट जिल्ला अदालत
३०. श्री रामनिवासप्रसाद यादव, रौतहट जिल्ला अदालत
३१. श्री विजयकान्त झा, रौतहट जिल्ला अदालत
३२. श्री शिवप्रसाद वञ्जारा, महोत्तरी जिल्ला अदालत
३३. श्री गीता घिमिरे, महोत्तरी जिल्ला अदालत
३४. श्री राजन अर्याल, मकवानपुर जिल्ला अदालत
३५. श्री जयप्रकाश घिमिरे, मकवानपुर जिल्ला अदालत
३६. श्री दीपक पौडेल, मकवानपुर जिल्ला अदालत

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**

## इजलास अधिकृतहरुको लागि नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम, (२०७०, पुस २६ र २७, हेटौंडा)

### मत सर्वेक्षण

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) सामान्य १☐ (ख) ठीकै ☐ (ग) अत्यन्त उपयोगी १२☐

**२. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) छोटो भयो ६☐ (ख) ठीक छ २☐ (ग) धेरै समय चाहिन्छ ५☐

**३. तालिमलाई छानिएका विषय कस्ता लागे ?**

(क) विषय कम भए ३☐ (ख) ठीकै छन् ५☐ (ग) अझ धेरै चाहिन्छ ५☐

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिन ५☐ (ख) ७ दिन ७☐ (ग) ३० दिन १☐

**५. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ? (आन्तरिक प्रयोजनका लागि मात्र)**

**(क) श्री गोविन्द घिमिरे**

(क) सामान्य ☐ (ख) ठीक ☐ (ग) उत्तम ☐

**(ख) श्री रामचन्द्र फुयाल**

(क) सामान्य ☐ (ख) ठीक ☐ (ग) उत्तम ☐

**(ग) श्री दिनदयाल रेग्मी**

(क) सामान्य ☐ (ख) ठीक ☐ (ग) उत्तम ☐

**६. प्रशिक्षण पद्धति कस्तो लाग्यो**

(क) व्यवहारिक ८☐ (ख) औपचारिक ☐ (ग) सुधारका सम्भावना छन् ५☐

**७. यस्ता प्रशिक्षण कुन निकायले दिंदा राम्रो होला ?**

(क) सर्वोच्च अदालत स्वयम् ७☐ (ख) राष्ट्रिय न्यायिक प्रतिष्ठान ५☐

(ग) भाषा प्रशिक्षण दिने गैरसरकारी निकाय १☐

**८. अन्य केही सुझाउ भए**

यस्ता तालिम नियमित रूपमा हुनुपर्ने, तालिमलाई अरू बढी व्यवस्थित बनाउनु पर्ने र मा.न्या.ज्यूहरूलाई पनि यस खालको तालिमको व्यवस्था गर्नुपर्ने कुरामा अधिकांश सहभागिको सुझाव रह्यो ।

---

- आफूले रोजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

## कम्प्युटर अपरेटर तथा सहायक कर्मचारीहरुको लागि नेपाली भाषाको भाषिक प्रशिक्षण (हेटौडा, २०७०, पुस २६ र २७ गते)

### मत सर्वेक्षण

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) सामान्य ३ (ख) ठीकै ७ (ग) अत्यन्त उपयोगी २०

**२. तालिमलाई छानिएका विषय कस्तो लाग्यो ?**

(क) विषय कम भए १८ (ख) ठीकै छन् ११ (ग) कम सान्दर्भिक १

**३. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) छोटो भयो ११ (ख) ठीक छ २ (ग) अलि बढी समयको चाहिन्छ १७

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिने १२ (ख) ७ दिने १३ (ग) ३० दिने ५

**५. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**

(क) भाषाको सैद्धान्तिक पक्ष भन्दा व्यवहारिक (प्रयोग) पक्षलाई जोडदिने । १

(ख) नेपाली भाषामा भएका समय सापेक्ष परिवर्तनसँगै तालिम दिने । ४

(ग) माथिका दुवै २५

**६. शुद्ध लेख्ने अथवा टाइप गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न के गर्नु पर्ला ?**

(क) स्तर वृद्धि १५ (ख) आर्थिक पुरष्कार ६ (ग) प्रमाण पत्र प्रदान ९

**७. अन्य केही सुझाउ भए**

समय समयमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने, प्रशिक्षण प्रयोगात्मक हुनुपर्ने, सकेसम्म सबै कर्मचारीलाई समेट्नु पर्ने र यस्ता तालिम सञ्चालन भई रहनु पर्ने भन्ने अधिकांश सहभागिहरूको सुझाउ रहयो ।

- आफूले राजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।